**रौतामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भुट्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

**आ.ब. २०७८/७९ को लागि ढुङ्गा, गिटी, वालुवा, उत्खनन्, संकलन, विक्री कर उठाउने सम्वन्धी**

**(बढाबढ) शिलबन्दी दरभाउपत्र आव्हानको सूचना !**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०५/१९**

यस गाउँपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची - ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को (६) र रौतामाई गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमका ठेक्का शिलबन्दी (बढाबढ) दरभाउपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकाले १५ दिने अवधि राखी पहिलो पटकको लागी यो शिलबन्दी दरभाउपत्र आव्हनको सूचना प्रकाशित गरिएको छ। देहायका शर्तहरुको अधिनमा रहि दरभाउपत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

देहाय

**रौतामाई गाउँपालिका क्षेत्र भित्रका खोला तथा नदीहरुवाट उत्खनन गरिने नदि जन्य पदार्थको विवरण**

| ठेक्का नं. | ठेक्काको किसिम | IEE प्रतिवेदनका आधारमा उत्खनन गरिने खोलाहरु | उत्खनन गरिने वस्तु | उत्खनन गरिने वस्तुको आयतन (घ.फी.) | न्यूनतम ठेक्का रकम रू. (मु.अ. कर बाहेक) | प्रति क्यू. फिट दर रू. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| ०५-०७८/०७९ | ढुङ्गा, गिट्टी र वालुवा निकासी शुल्क संकलन | ***त्रियुगा*** (तेलतेलेदेखि मसाने सम्म), ***छोडिया*** (गुरासेदेखि त्रियुगा दोभान सम्म) र ***पुँवारे खोला*** (चिउरीवासदेखि त्रियुगाखोलाको दोभान सम्म)वडा नं. ७ | ढुंगा, गिट्टी, वालुवा | १९५४२६.०० | १,१७२,५५६।- | ६।- | १,०००।- |
| ०६-०७८/०७९ | | रसुवाखोला (हुल्मा रसुवा दोभानदेखि जागिर भित्ताको पुच्छार सम्म) रौतामाई गा.पा २,४ र ८ वडाका लागि खारीखोला (भुटारदेखि रसुवा खोला दोभानसम्म -२ | ढुंगा, गिट्टी, वालुवा | १२५००.०० | ७५,०००।- | ६।- | १,०००।- |
| ०७-०७८/०७९ | | वडा न ५ मा पर्ने पोखरी खोलाको जरुवादेखि ठूलो निकाससम्मको विभिन्न वगरक्षेत्रको क्षेत्रबाट राकुली खोला | ढुंगा, गिट्टी, वालुवा | १३२०५६.०० | ७,९२,३३६।- | ६।- | १,०००।- |

**शर्तहरु :**

१ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (कार्यालय समय सम्ममा) रु.१००० रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नं. (मु.अ.कर सहित), र आ.व.२०७६/०७७ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु संलग्न राखी इच्छुक फर्म/कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम(BOQ) खरिद गर्न सक्नेछ

नि. प्रमुख प्रशासकीय अधिकृत

२ दरभाउपत्र फाराम आफूले कवोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित धरौटी खाता नं. 2090100303000003 मा जम्मा गरी सो को सक्कल वैङ्क भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३ खरीद भएका दरभाउपत्रहरुको (BOQ) प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खामवाहिर फर्म वा कम्पनीको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ ।

४ दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहोवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

५ दरभाउपत्र (BOQ) खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट तत् तत् समयमा गरिनेछ ।

६ दरभाउपत्र फाराम भर्दा आफूले कबोले गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७ सवैभन्दा बढी अंक कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिनेछ ।

८ दरभाउपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित वोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ । सो अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनःदरभाउपत्र आव्हान गर्ने अधिकार रौतामाई गाँउपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

९ दरभाउपत्र दाताले आफूले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कवोल गरेको कूल रकम (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफूले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनु पर्नेछ । सो दुई किस्ता बापतको दोश्रो किस्ता रकम २०७८ फाल्गुन मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बापतको रकम २०७९ वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ ।

१० सम्झौता गर्दा पहिलो किस्ता वाहेक बुझाउन बाँकी ६० प्रतिशत रकमको २०७९ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलनपूर्जी दिईनेछ ।

११ कुनै पनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२ ठेकेदारले सम्झौताको बखत आफूले कवोल गरेको रकमको नगदै वा कवोल अंक वरावरको बैंक भौचर पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ । साथै उक्त समयमै नियमानुसारको आयकर तथा मु.अ.कर समेत कार्यालयमा बुझाउनुपर्नेछ ।

१३ नदि जन्यपदार्थ उत्खनन्, संकलन, विक्री तथा निकासी गर्दा IEE प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमति र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र निकासी गर्नुपर्नेछ ।

१४ कर/शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

रौतामाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मुर्टार, उदयपुर, १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१५ कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन, ऐन, नियमको परिधि भित्र रही रौतामाई गाउँपालिकाको कार्यालय भुट्टार, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ ।

१६ सम्मानित अदालत, नेपाल सरकार, रौतामाई गा.पा.को नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षतिहानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले रौतामाई गा.पा.सँग गर्न पाउने छैन ।

१७ यस कार्यालयको छाप र कार्यलयबाट प्रमाणित नभएको दरभाउपत्र(BOQ) फारामलाई मान्यता दिईने छैन ।

१८ बन्द, हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा माँग भएमा मिनाहा दिईने छैन ।

१९ ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७९ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

२० नदि जन्यपदार्थ उत्खनन्, संकलन गरी विक्री गरेको परिमाण ३/३ महिनामा ठेकेदारले अनिवार्य रुपमा रौतामाई गा.पा.मा पेश गर्नुपर्नेछ ।

२१ ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादन स्थल वा तोकेको संकलन केन्द्रमा प्रदेशसभा बाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ ।

२२ सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदिजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी विक्री वितरण गर्न पाउने छैन ।

२३ नदी तथा खोला खहरेहरुमा वाढी पहिरोका कारणले नदि जन्य सामाग्री थुप्रिन गई सो कारणले क्षती हुने सम्भावना भएमा जिल्ला विपत व्यवस्थापन समितिको निर्णयानुसार पन्छाउने र सो को राजश्व गाउँपालिका आफैले लिने छ ।

२४ नम्वरी आवादी जग्गामा प्रकृया पुर्याई उत्खनन गरेको तथा खोला, नदी भन्दा वाहिरको क्षेत्रमा उत्खनन गरिएको ढुङ्गा गिटि वालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन ।

२५ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम,कानुन अनुसार हुनेछ ।

२६ विस्तृत जानकारीका लागि रौतामाई गाउँपालिका भुट्टार, उदयपुरको Website वा रौतामाई गा.पा.को सम्पर्क व्यक्ति नं.९८४२८९१७४३ र ९८५२८३५६३१ मा सम्पर्क गर्न सकिनेछ ।

रौतामाई गाउँपालिका,
भुट्टार उदयपुर ।

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत